बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

मन्त्री

हेटौंडा, नेपाल

## राष्ट्रिय महिला अधिकार दिवस २०८३ को शुभकामना



महिला अधिकार दिवस, २०८३ को अवसरमा सम्पूर्ण महिलाहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु। महिला अधिकार मानव अधिकारको अभिन्न अंग हो। महिला अधिकारको संरक्षण, प्रवर्द्धन र कार्यान्वयन लोकतान्त्रिक समाजको आधार स्तम्भ हो। महिलालाई समान अवसर, सम्मानजनक व्यवहार र सुरक्षित वातावरण उपलब्ध गराउनु राज्यको दायित्व मात्र नभई समाजको साझा जिम्मेवारी पनि हो। शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, नेतृत्व विकास तथा निर्णय प्रक्रियामा महिलाको सार्थक सहभागिता सुनिश्चित गर्नु आजको आवश्यकता हो।

"महिला अधिकारको सम्मानः आत्मनिर्भरता र समृद्धिको अभियान" भन्ने मूल नाराले महिलाको अधिकारप्रति सम्मान गर्दै उनीहरूलाई आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक रूपमा सक्षम र आत्मनिर्भर बनाउने हाम्रो प्रतिबद्धतालाई स्पष्ट गर्दछ। महिलाको आत्मनिर्भरता केवल व्यक्तिगत उपलब्धि मात्र होइन, परिवार, समाज र राष्ट्रको समृद्धिको आधार हो।

समतामूलक, समावेशी र न्यायपूर्ण समाज निर्माणका लागि महिलाको सम्मान, सुरक्षा, सहभागीता र सशक्तीकरण अपरिहार्य छ। यस दिवसले महिलो विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र असमानताको अन्त्य गर्दै समानता, समावेशिता र न्यायमा आधारित समाज निर्माणका लागि हामी सबैलाई थप जिम्मेवार र सक्रिय बनाओस् भन्ने अपेक्षा व्यक्त गर्दछु।

महिला अधिकारको सम्मान गर्दै आत्मनिर्भर राष्ट्र निर्माणको अभियानमा सबैको साथ, सहयोग र प्रतिबद्धता रहने विश्वास व्यक्त गर्दछु।

धन्यवाद।
जय नेपाल।

मा. कन्चन चन्द्र बादे
मन्त्री
सामाजिक विकास मन्त्रालय